# चन्द्रनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चन्द्रनगर,सर्लाही
२ नं.प्रदेश,नेपाल

आ.ब.२०७५।०७६ मा प्रथम पटक प्रकाशित मिति २०७५।०४।३१गते

प्रति बोलपत्र दस्तुर :रु.१०००।-

## पोखरी(माछा समेत) ठेक्कासम्बन्धि सुचना ।

स्थानीय सकार संचालन ऐन,२०७४ तथा यस चन्द्रनगर गाउँ कार्यपालिकाको बैठकको निर्णयबाट स्वीकृत पोखरी ठेक्का सम्बन्धि कार्यविधि अनुसार यस चन्द्रनगर गाउँपालिका सर्लाहीको क्षेत्राधिकार भित्र पर्ने तपशिल बमोजिमका पोखरीहरु(माछासमेत) का लागि माछा मार्ने कर ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति वा फर्मलाई तोकिएको शर्तहरुको अधिनमा रही रितपूर्वकको गोप्य शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्ने सम्बन्धि सबैको जानकारीको लागि १५(पन्ध्र) दिने सुचना प्रकाशन गरिएको छ|

तपशिल

| पो.ठे.नं | पोखरीको नाम(विवरण) | बार्षिक न्युनतम कबोल रकम(रु.मा) | बोलपत्र दस्तुर(रु.मा) | कैफियत |
|---|---|---|---|---|
| १।०७५।०७६ | लोढा पोखरी | २,४०,०००।- | १०००।- | पोखरी मर्मत तथा खनजोत ठेकेदारले नै गर्नु पर्ने |
| | | | | " |
| २।०७५।०७६ | गोपिवाला पोखरी | १,००,०००।- | १०००।- | - |
| ३।०७५।०७६ | मोहनपुर पोखरी | १,५०,०००।- | १०००।- | |

शर्तहरु:

१.ठेक्काको अवधि ठेक्का सम्झौता भएको मितिले ५(पाँच) बर्षसम्मको लागि हुनेछ |

२. बोलपत्र दाताले आफुले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्नेछ |अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।

३.आफुले कबोल गरेको अंकको ५(पाँच) प्रतिशत धरौटी ने.बै. लि. मलंगवा स्थित चन्द्रनगर गाउँपालिकाको धरौटी खाता ०२९०३००००००००३०००१०४ मा नगदी जम्मा गरि सोको अर्धकट्टी सक्कलै भौचर शिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ |

४.जुन व्यक्ति वा फर्मको नामबाट खरिद गरेको हो? सोहि व्यक्ति वा फर्मको नामबाट मात्र बोलपत्र दर्ता गर्न सकिनेछ | अन्य फर्मको नामबाट दर्ता गराएको बोलापत्रलाई मान्यता दिइने छैन | साथै हुलाक सेवा, कुरियर आदि बाट पठाइएको बोलपत्र स्वीकार्य हुने छैन।

५. शिलबन्दी खाममा कुन कार्यको लागि बोलपत्र दाखिला गरेको हो? स्पष्ट रुपले खुलाउनु पर्नेछ |साथै बोलपत्र दाताको नाम र ठेगाना स्पष्ट रुपले खाम बाहिर उल्लेख गरेको हुनु पर्नेछ ।

६.यो सुचना प्रकाशित भएको मितिले१५(पन्ध्र) दिन भित्र फिर्ता नहुने गरि रु.१०००(एक हजार) रकम नेपाल बैंक लिमिटेड मलंगवा शाखामा रहेको यस गाउँपालिकाको संचित कोष खाता नम्बर ०२९०३००००००००४००१०११ मा जम्मा गरि सोको सक्कली भौचर दाखिला गरि यस चन्द्रनगर गाउँ कार्यापालिकाको कार्यालय, चन्द्रनगर सर्लाहीबाट खरिद गरि १६ औ दिन दिनको १२ बजे भित्र गाउँ कार्यपालिकाको कार्यलय चन्द्रनगर, सर्लाहीमा दर्ता गराउनु पर्नेछ| सोहि दिन दिनको २:०० बजे देखि बोलपत्र खोल्ने कार्य हुनेछ। बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्बजानिक बिदा पर्न गएमा लगत्तै कार्यलय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

७.फर्म नबिकरण भएको प्रमाण पत्र, स्थायी लेखा नम्बर वा मुल्य अभिबृध्दी कर दर्ता प्रमाण पत्र, आ.व. २०७३\०७४ को कर चुक्ता प्रमाण पत्र साथै नागरिकता प्रमाण पत्र को प्रमाणित कागजात बोलपत्र साथै पेश गर्नु पर्नेछ ।व्यक्तिको हकमा निजको नेपालि नागरिकताको प्रमाणित प्रतिलिपि संलग्न गरि बोलपत्र पेश गर्न सक्नेछ ।

८.सबै किसिमको ठेक्कामा हालको कानुनि ब्यवश्थामा नेपाल सरकारबाट अन्य निर्णय भई आएमा सोहि बमोजिम हुनेछ।

९.यस गाउँपालिकाको तिर्नुपर्ने बाँकि रकम तथा जिन्सी सामानहरु तिर्नु पर्ने बाँकि बक्यौता देखिएमा त्यस्ता ब्यक्तिहरुको नामको ठेक्का स्वीकृत हुने छैन।

१०.पर्न आएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यलयमा सुरक्षित हुनेछ।

११.बोलपत्र ठेक्कासम्बन्धि अन्य कुरा बुझ्नु परेमा कार्यलय समय भित्र यस कार्यलयमा सम्पर्क गरि बुझ्न सकिने छ।

१२.ऐन तथा कानूनले निषेधित गरिएको तरिका अपनाई माछा मार्न पाईने छैन। माछा समात्नु पर्दा बंसी वा जालको प्रयोग गर्नु पर्ने छ| र माछा मार्दा स्थानीय मलाहहरुलाई प्राथमिकता दिनु पर्ने छ| माछा समात्नु पर्दा बिष तथा करेन्ट वा बाताबरणमा प्रतिकुल असर गर्ने अन्य कुनै तरिकाको प्रयोग गर्न पाइने छैन।

१३. बोलपत्र स्वीकृत भएको पत्र प्राप्त भएको ७(सात)दिन भित्र(बाटोको म्याद बाहेक) बोलपत्र दाताले सम्झौता गर्न नआएमा वा दाखिला गर्नुपर्ने रकम दाखिला नगरेमा निजले नियमानुसार धरौटी राखेको रकम जफत गरिने छ।

१४.आफुले कबोल गरेको बार्षिक ठेक्का अंकको एकमुष्ट रकम कुनै छुट नहुने गरि नगदै बुझाइ सकेपछी मात्र सम्झौता भई चलन पट्टा दिईने छ| र प्रत्येक आगामी आ.ब.को बार्षिक कबोल अंकको एकमुष्ट रकम प्रत्येक चालु आ.ब. को असार मसान्त भित्र नगदै दाखिला नगरेमा ठेक्का स्वतः भंग गरि आवाश्यक कानूनी कारबाही गरिने छ।

१५.बोलपत्र दाताले सम्झौता गरि चलन पट्टा लिई सकेपछी मानब सृजीत बन्द , हडताल, चक्काजाम वा अन्य कुनै प्राकृतिक वा मानवीय कारणले कुनै घाटा वा क्षति हुन गएमा कुनै किसिमको माफी वा मिन्हा दिईने छैन|

१६.नेपाल सरकार, संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय तथा गाउपालिकाबाट बेला बेलामा दिईएको नीति,निर्देशन पालना गर्नु सम्बन्धित ठेकेदारको कर्तब्य हुनेछ।

१७.ठेक्का सम्बन्धि कार्यालय तथा ठेकेदार बीच कुनै बिबाद उत्पन्न भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ|

१८.सुचनामा उल्लेख भएको हकमा यही सुचना बमोजिम र उल्लेख नभएको हकमा सार्बजानिक खरिद ऐन,२०६३, स्थानीय सरकार संचालन ऐन २०७४,तथा चन्द्रनगर गाउँ कार्यपालिकबत स्वीकृत नियमावाली वा कार्यविधि वा प्रचलित कानून बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत